# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की

गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेलः info@pokharamun.gov.np
वेबसाइटः pokharamun.gov.np

मितिः २०८२/१०/०९

पत्र संख्या : २०८२/०८३
च.नं. : ४८५८

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्यूरोड, कास्की गण्डकी प्रदेश, नेपाल

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका।

**विषयः उपस्थिति सम्बन्धमा।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ६१औं बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ। साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) तपसिल बमोजिम रहेको व्यहोरा समेत अनुरोध छ।

**तपशिलः**

मितिः २०८२ माघ ११ गते (आइतबार)
समयः बिहान ७:३० बजे
स्थानः व्यवसाय प्रवर्द्धन केन्द्रको सभाहल, पोखरा सभागृह

**कार्यसुची(एजेण्डा)**

१. फोहोरमैला व्यवस्थापन सम्बन्धी।
२. विविध।

मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थः**

श्रीमान् नगर प्रमुखज्यू, पोखरा महानगरपालिका।
श्रीमान् नगर उप-प्रमुखज्यू, पोखरा महानगरपालिका।

मिति -२०८२/१०/११ स्थान - व्यवसाय प्रवर्दन केन्द्रको भवन (पोखरा सभागृह)

बैठक संख्या- ६१ समय- बिहान ७ -३० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यापालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बस्यो । उपस्थिति-

| सि नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिब | प्रमुख प्रशासकीय अधिकृत | श्री मुक्तिराम अर्याल | |
| ४ | सदस्य | का.वा.वडा अध्यक्ष वडा नं.-१ | श्री जुमकाजी गुरुङ | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.-४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं.-५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं.-६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं.-७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं.-८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं.-९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं.-१० | श्री राजेश गुरुङ | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं.-११ | श्री प्रेम प्रसाद कर्मचार्य | प्रेम प्रसाद |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं.-१२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं.-१३ | श्री किरण बराल | |

| | | | | |
|---|---|---|---|---|
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं.-१४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं.-१५ | श्री तोरण बहादुर बानियाँ | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं.-१६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं.-१७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं.-१८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं.-१९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं.-२० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं.-२१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं.-२३ | श्री रामकाजी गुरुङ | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं.-२४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | का.वा वडा अध्यक्ष वडा नं.-२५ | श्री सुवाष भण्डारी | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं.-२६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं.-२७ | श्री पूर्ण कुमार गुरुङ | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं.-२८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं.-२९ | श्री श्रीप्रसाद गुरुङ | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं.-३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं.-३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं.-३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोविन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |
| | | | | |

**पोखरा महानगरपालिका**

न्युरोड, पोखरा

**६१ औँ कार्यपालिका बैठक मिति २०८२/१०/११ गते**

**निर्णय नं १**

६०औँ कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो।

**निर्णय नं २**

पोखरा महानगरपालिका विधायन समितिबाट पेश भएको "**पोखरा महानगरपालिका खेलकुद संचालन खर्च निर्देशिका, २०७८ (पहिलो संशोधन)** स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ३**

पोखरा महानगरपालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहोरमैला साविकमा पोखरा म.न.पा-३२ लामेआहाल स्थित अस्थायी ल्याण्डफिल साइटमा व्यवस्थापन र विसर्जन गरिदै आएकोमा उक्त स्थान भरिएकोले बैकल्पिक स्थानको खोजी गर्दा पोखरा महानगरपालिका वडा नं ३२ को मजुवा स्थित सातपत्रे र सतिघाटको बीचमा रहेको स्थानमा २ बर्षका लागि फोहोरमैला व्यवस्थापन र विसर्जन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं ४**

पोखरा महानगरपालिकामा जग्गा प्रशासन सम्बन्धी कामकाज गर्नको लागि भू- सेवा केन्द्र सञ्चालन गर्नुपर्ने भएको हुँदा भू-सूचना प्रणालीको अनुमतिको लागि मालपोत कार्यालय कास्कीलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

पोखरा महानगरपालिकामा एशियाली विकास बैंक (ADB) को ऋण सहयोगमा Urban Resilience and Livability Improvement Project (URLIP) अन्तर्गत देहाय बमोजिमका उप-परियोजनाहरूका लागि Survey, Design, Detailed Design Report (DDR) तयारी तथा DDR अनुसार कार्यान्वयन प्रक्रिया अधि बढाउन, साथै कार्यक्रम कार्यान्वयनका क्रममा आवश्यक भएका सार्वजनिक जग्गा तथा संरचनाहरू नियमानुसार उपयोग गर्न, परियोजनाचाट संरचना निर्माण गर्ने शर्तमा तोकिएको चौडाइभित्र पर्ने सार्वजनिक संरचनाहरू हटाउने वा व्यवस्थापन गर्ने, तथा परियोजनाका लागि आवश्यक पर्ने जग्गा जमिन उपयोगको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने निर्णय गरियो।

**परियोजनाः**

1. Chhorepatan-Dopaharey & Tinkuney-Dobilla Road Upgrading Project
2. Access Road with Cycle Track to Panchase Improvement
3. Fewa Lake Organic Trail and Panchase Eco-Development
4. Green Pokhara Greening Dense Urban Areas, Botanical Garden (Shanti Ban Vatika)
5. Bindabasini Area Street Redevelopment
6. Inter-Lake Cycle Route Development
7. Emergency Operations Center
8. Basundhara-Miteri Green Park Enhancement Project

**निर्णय नं ६**

पोखरा महानगरपालिकाले स्थापना गरी संचालन रहेको व्यवसाय प्रवर्द्धन केन्द्रका लागि आवश्यक जनशक्ति व्यवस्थापनमा व्यवसाय प्रवर्द्धन केन्द्र संचालन कार्यविधि, २०७९ को परिच्छेद-६ को २६(१) अनुसार नियुक्त केन्द्र प्रमुखको सेवा अवधि सामान्य अवस्थामा ५ वर्षको हुनेछ भनिएको र सोहि व्यवस्था अनुसार नियुक्त प्रमुख कार्यकारी अधिकृत श्री नवराज अधिकारीको कार्यकाल मिति २०७९/०९/२५ देखि २०८२/०९/२५ सम्मको लागि ३ वर्ष नियुक्ति दिएकोमा व्यवसाय प्रवर्द्धन केन्द्र संचालन कार्यविधि, २०७९(प्रथम संशोधन) सहितको दफा २६(३) बमोजिम व्यवसाय प्रवर्द्धन केन्द्रको निर्देशक समितिबाट निजको कार्यसम्पादन मुल्यांकन गर्दा उत्कृष्ट रहेको भनी सोहि कार्यविधि अनुरुप थप २ वर्षको लागि म्याद थप गर्न सिफारिस भएको हुँदा निजलाई मिति २०८२/०९/२६ देखि मिति २०८४/०९/२५ सम्म प्रकृया अनुसार म्याद थप गर्न आर्थिक विकास महाशाखा प्रमुखलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

व्यवसाय प्रवर्द्धन केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ को व्यवस्था भएकोमा व्यवसाय प्रवर्द्धन केन्द्रलाई थप व्यवस्थित बनाउन सम्बन्धित सरोकारवाला निकायहरूसँग परामर्श, राय तथा आवश्यक छलफल गरी व्यवसाय प्रवर्द्धन केन्द्र सञ्चालन ऐनको मस्यौदा तर्जुमा गरी आगामी नगर सभामा पेश गर्न आर्थिक विकास महाशाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ८**

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि महानगरपालिकाको राजश्व परामर्श समितिको मिति २०८२/०९/१३ गतेको बैठकबाट पारित भएको राजश्व प्रक्षेपण (आन्तरिक आय ) रु २,५५,८२,४२,६७६/- अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

सेप्टि ट्याङ्ककिको चालु ठेक्का यही फाल्गुनमा समाप्त हुने हुँदा नयाँ आय ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडी बढाउनु पर्ने देखिएकोमा यस पुर्व साविकको सम्झौता भ्याट बाहेक रकम रू. १,९५,००,०००।- मा मुलुकमा विद्यमान मुद्रा स्फिति, बजार मुल्य समेतको आधारमा १०% (दस प्रतिशत) बृद्धि गरी रु १९,५०,०००।- थप गरि हुन आउने रकम रु.२,१४,५०,०००।- (अक्षरुपी दुइ करोड चौध लाख पचास हजार) लाई न्युनतम लगत अनुमान कायम गरि आय ठेक्का बन्दोबस्त नियमावलीको दफा ६ बमोजिम आय ठेक्का व्यवस्थापनकोलागि प्रस्ताव पेश भएकोमा बोलपत्र आव्हानको प्रक्रिया अगाडी बढाउन राजश्व महाशाखालाई निर्देशन दिने गर्ने निर्णय गरियो ।